नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३०१ दायर मितिः-२०८१/१२/०६**

**फैसला मितिः-२०८१/१२/२९**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **सुनरदेव साह तेलीको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा सखुवाप्रसौनी गा.पा.वडा नं.५ बस्ने योगेन्द्र मिश्राको छोरा बर्ष ३२ ज्ञानेन्द्र मिश्रा..........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले जाहेरवालाकी आमालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालाकी आमालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालाकी आमालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालाकी आमालाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रामकेश्वर साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।११।१८ गतेको राती अं.२१:१० बजेको समयमा जिल्ला पर्सा सखुवाप्रसौनी गा.पा.वडा नं.५ स्थित सडकमा मेरो आमा कृष्णावती देवी साहलाई विपक्षी ज्ञानेन्द्र मिश्राले पहिलाको पैसा लेनदेनको बिषयमा कुरा उठाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको हुँदा निज विपक्षीलाई पक्राउ गरी कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको सुनरदेव साह तेलीको जाहेरी दरखास्त भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी लेनदेनको बिषयलाई लिई जाहेरवालीको आमालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई प्रतिवादीले अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी ज्ञानेन्द्र मिश्रालाई कैद दिन १७ र जरिवाना रु.१००००/- अक्षेरेपी दस हजार मात्र हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी ज्ञानेन्द्र मिश्रालाई ठहरेको कैद दिन १७ को हकमा निज मिति २०८१/११/१८ देखि २०८१/१२/०५ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२६९/२०८१/१२/०७ बाट दाखिला गरेको धरौटी रकम रु.१००००/- बाट जरिवाना रकम रु.१००००/- कट्टी गर्नु--------------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिदनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना २९ गते शुक्रवार रोज ६/ ने.सं. ११४५ चौलाथ्व चतुर्दशी, शुभम् .......